Website copy

प्रदेश सरकार

प्रदेश नं. ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बुटवल, नेपाल

visit Nepal 2020 Lifetime Experience

पत्र संख्या:- २०७६/७७

चलानी नं.:- ५८७६८

मिति:- २०७६/१२/०२

विषय:- निर्णयहरु कार्यान्वयनको लागि पठाईएको सम्बन्धमा ।

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय,
श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय,
श्री भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,
श्री सामाजिक विकास मन्त्रालय,
प्रदेश नं. ५, बुटवल ।

प्रस्तुत विषयमा मिति २०७६/१२/०२ गते प्रमुख सचिवज्यूको अध्यक्षतामा बसेको ६१ औ सचिव बैठकका निर्णयहरु आवश्यक कार्यान्वयनको लागि यसै साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

..........................

यामकान्त पाण्डेय
उपसचिव

सादर अवगतार्थः
माननीय मुख्यमन्त्रीज्यू ।
माननीय मन्त्रीज्यू (सबै मन्त्रालय)

infocmofficep5@gmail.com, 071-550610 facebook.com/ocmcm.p5 @Ocmcmp5

प्रदेश सरकार
प्रदेश नं ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वुटवल, नेपाल

सचिव बैठक नं ६१

बैठक मितिः २०७६/१२/०२

उपस्थिती

| | | |
|---|---|---|
| श्री तोयनारायण ज्ञवाली | प्रमुख सचिव | प्रदेश नं. ५ |
| श्री राजेन्द्र थापा | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री शंकर प्रसाद खरेल | सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री मधुकुमार मरासिनी | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री तेज वहादुर सुवेदी | सचिव | भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| श्री नूर मूहम्मद खाँ | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री गोपिकृष्ण खनाल | सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री विजय सुवेदी | नि.सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

निर्णयहरु

१. गत सचिव बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सम्वन्धमा छलफल भयो ।दोश्रो चौमासिकसम्म लक्ष्यबमोजिम कार्यान्वयन हुन बाँकी रहेका कार्यक्रम/आयोजनाहरु तदारुकताका साथ कार्यान्वयन गर्ने, गराउने ।कार्यान्वयन हुन नसक्ने आयोजनाहरुको विवरण तयार गरी यथासिघ्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउने ।

२०७६/१२/२

प्रमुख सचिव

२. आगामी चैत्र महिनाको ११ र १२ गते सम्पन्न हुने प्रदेश विकास समस्या समाधान समितिको बैठकमा प्रस्तुतिका लागि तोकिएको ढाँचाका अतिरिक्त मन्त्रालयहरुबाट गत साउन २ र ३ गते प्रस्तुत भएको बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजनाबमोजिमका सम्पूर्ण कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयनको यथार्थ अवस्था झल्किने विवरण तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा चैत्र ५ गते भित्र पेश गर्ने।

३. हाल विश्वव्यापी महामारीका रुपमा रहेको नोभल कोरोना (कोभिड -१९) रोगको संक्रमण तथा रोकथामका लागि देहायवमोजिम गर्ने।

क. नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिका संयोजक माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री ईश्वर पोखरेलको संयोजकत्वमा मिति २०७६ फागुन २९ मा बसेको उच्चस्तरीय समितिको बैठकबाट भएका निर्णयहरु र नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको COVID-19 को सतर्कता अपनाउने सन्दर्भमा जारी भएको अन्तराष्ट्रिय भ्रमण सम्वन्धी सूचनाहरुको कार्यान्वयन गर्ने, गराउने।

ख. माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७६/११/२९ गते वसेको नोभल कोरोना COVID-19 रोग नियन्त्रणको पूर्वतयारी सम्वन्धमा भएका निर्देशनहरुको कार्यान्वयन गर्ने, गराउने ।

ग. सामाजिक विकास मन्त्रालयले नोभल कोरोना (कोभिड-१९) रोग नियन्त्रणका लागि सम्वन्धित मन्त्रालयको समन्वयमा कोरोना भाईरस नियन्त्रण प्रतिकार्य कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने।

घ. मन्त्रालयहरुले मातहत कार्यालयको कार्यसम्पादनस्तर वृद्धि गरी बढी भिडभाड हुने अवस्था न्युनिकरण गर्ने ।

ङ. मन्त्रालयहरुले रोगसँग सम्वन्धित सूचना जानकारीहरु सेवाग्राहीहरु समेत सूसुचित हुने गरी सूचना पाटीमा टाँस्ने व्यवस्था मिलाउने ।

च. सवै मन्त्रालय तथा कार्यालयहरुले कार्यालयहरुको सरसफाईमा विशेष ध्यान दिने ।कार्यालयमा हात धुने सावुन, सेनेटाइजर, पानी लगायत सामग्रिको पर्याप्त व्यवस्था मिलाउने ।

२०७६/१२/२

प्रमुख सचिव

४. प्रदेश सरकार कार्यसम्पादन नियमावली, २०७४ ले व्यवस्था गरेबमोजिम प्रदेश सरकार (मन्त्रिपरिषद्) मा निर्णयार्थ पेश हुने विषयहरु सम्वन्धित मन्त्रालयको सहमति लिएर मात्र पेश गर्ने, गराउने ।सहमति प्राप्त नभएका र रीत नपुगेका विषय निर्णयार्थ पेश नगर्ने, नगराउने ।

५. मन्त्रालयहरुले अन्तर्गत कार्यालयहरुबाट कार्यान्वयनमा रहेका कार्यक्रम तथा आयोजनाहरुको लक्ष्यबमोजिमको नतिजा हासिल भए नभएको विषयमा ध्यान दिई नतिजामूलक अनुगमन गर्ने ।

२०८१।१२।२

प्रमुख सचिव